


**पुस्तक** : हिँड्दा हिँड्दै
**लेखक** : प्रज्ज्वलराज चापागाईं
**प्रकाशक** : फिनिक्स बुक्स
**पृष्ठ** : १९२
**प्रकाशन मिति** : २०६८

पत्रकार प्रज्ज्वलराज चापागाईंको किताब *हिँड्दा हिँड्दै* उनले पत्रकारिता अभ्यासका क्रममा तयार पारेका विभिन्न फिचर लेखहरू तथा एकाध प्राज्ञिक लेखहरूको मिश्रित संगालो हो । यसमा *राजधानी, स्पेसटाइम* दैनिक, *हिमाल* खबरपत्रिका, *हाका-हाकी,* मार्टिन चौतारीद्वारा प्रकाशित *रेडियो नेपालको सामाजिक इतिहास*लगायतमा प्रकाशित भइसकेका सामाजिक, राजनीतिक, आर्थिक पाटासँग नजिकको सम्बन्ध राख्ने विषयका कुल २१ लेख एककठ्ठा गरिएका छन् । राजनीति, कारोबार, शिक्षा, सहरीकरण, स्वास्थ्य, सञ्चार, संस्मरण र विविध शीर्षकसहित आठ खण्डमा बाँडिएका ती लेख वैचारिक कोणबाट हेर्दा औसत स्तरका छन् ।

छरिएर रहेका लेखलाई किताबको रूप दिनु त राम्रै हो । तर, पूर्वप्रकाशित पुराना लेखको वर्तमानमा सान्दर्भिकता पुष्टि गर्न भने गाह्रो छ । जस्तो कि, चापागाईंका 'शहरीकरण'बारे लेख आज कतिपय पाठकलाई पुराना लाग्न सक्छन् । कारण, उनले लेखमा उठाएका समस्याभन्दा धेरै नयाँ र जटिल समस्याले अहिले शहरीकरणको मुद्दालाई लपेटिसकेको छ । वि.सं. २०६१ मा लेखिएका यी लेख त्यति बेलाका लागि नयाँ स्वादका हुँदा हुन् । जति बेला सहरीकरणको समस्या टुसाउँदै थियो; अहिले नयाँनयाँ समस्या र चुनौती थपिएका छन् । हाल काठमाडौँ उपत्यकामा भइरहेको सडक विस्तारसँगै केही पुराना समस्या सुल्झिइसकेका पनि

छन् । यस्तो अवस्थामा आफ्ना तर्कलाई बद्लिँदो समयसापेक्ष गराउनका लागि पुनर्लेखन आवश्यक थियो तर त्यसो गरिएको छैन ।

लेखकले भने झैँ शहरीकरणबारेको बहसभित्र काठमाडौँ उपत्यकाको हकमा बाहिरी चक्रपथ अवधारणा सबैको चासोको विषय त हो । तर, कसरी र कस्तो योजनामार्फत काठमाडौँ उपत्यकाको एकीकृत विकास सहज होला भन्ने मुद्दामा गहन छलफल र भौतिक विकासका निम्ति नयाँ विचार उनले पेश गर्न सकेका छैनन् । 'शहरीकरण' का विषयमा लेखिएका लेखले समकालीन शहरविकासबारे तातेको बहसमा बिषयवस्तुका दृष्टिले केही अर्थ राखे तापनि कतिपयलाई उनका लेख सतही पनि लाग्न सक्छन् । कारण, यसमा न शहरीकरणबारेको बहसमा टेवा पुर्‍याउने नयाँ तर्क छ, न व्यवस्थित शहरीकरण कसरी गर्न सकिन्छ भन्ने कुनै अनुसन्धानमूलक तथ्य नै । शहरीकरणबारे लेखिसकेपछि उपत्यकाबासीको जीवनस्तरमा उलेख्य सुधारका साथसाथै काठमाडौँलाई एउटा व्यवस्थित शहरको रूपमा विकास गर्न आवश्यक वैज्ञानिक आधार के हुनसक्छन् र तिनको कार्यान्वयन कसरी गर्ने भन्ने सवाल महत्त्वपूर्ण हुन्छ । उनको यो लेखले काठमाडौँको बाहिरी चक्रपथको भौगोलिक खाकाका लुकेका पाटासहित त्यसले निम्त्याउने विकास र विनाश पक्षबारे टापटिपे छलफल गरेको छ, जुन पर्याप्त लाग्दैनन् । शहरीकरण खण्डकै अन्य दुई लेख 'शहरीकरणको विकृत स्वरूप : आजको काठमाडौँ' र 'खोरियादेखि शहरीकरणसम्म' शीर्षकका लेख शहर विकासका आयामको दृष्टिबाट हेर्दा तुलनात्मक रूपमा पठनीय छन् । उनले उल्लेख गरेको संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमअन्तर्गत 'मानव विकास प्रतिवेदन'ले अघि सारेको दक्षिण एसियाली मुलुकमध्ये नेपालमा शहरीकरणको गति सबैभन्दा द्रुत रहेको सन्दर्भ र टिप्पणी चाखलाग्दो नै छ ।

कतिपय प्रसंग पुराना लाग्ने हुनाले पुनर्लेखनको आवश्यकता महसुस त हुन्छ नै, थुप्रै मसिना विषयमाथि छलफल गरिएका लेख एकै किताबमा समेटिएकाले वैचारिक प्रस्टताको अभाव पाइन्छ । त्यसो त विभिन्न लेखमार्फत गहकिला/चोटिला विषय नउठाइएका पनि होइनन् । तर, कतिपय ठाउँमा तिनलाई उठाएर मात्र छाडिएका छन् । विश्लेषण पक्ष फितलो र अविश्वसनीय छ । उदाहरणमा, 'नेपालीको उचाइ बढ्दो छ, तर कति बढ्यो थाहा छैन' भन्ने लेखलाई हेर्न सकिन्छ । नेपालीको औसत उचाइ बढ्यो भन्नलाई पक्कै पनि ठोस आधार त चाहिन्छ होला । शहरतिर एकाध अग्ला मान्छे देखेका भरमा वा एकाध चिकित्सकलाई सोधेका भरमा गहन अनुसन्धानबिना अनुमानको आधारमा 'नेपालीको औसत उचाइ बढ्यो' भनेर तर्क गर्न मिल्दैन । अर्कोतर्फ, लेखकले 'नेपालीको औसत उचाइ,

यसको बढ्दो/घट्दो प्रवृति र यसका कारणको विषयमा अनुसन्धान गरिदिने कोही छ ?' भन्ने प्रश्न उल्टै अरूलाई गरेर लेख टुंग्याइदिएका छन् (पृ. १२२) । कुन आधारमा उनले 'नेपालीको औसत उचाइ बढ्दो छ' भनिरहेका छन् भन्ने तथ्य नै खुल्दैन । नेपालीको औसत उचाइ घट्यो वा बढ्यो भन्ने जस्तो गम्भीर विषयमा लेख्दा ठोस तथ्यांक चाहिन्छ । जबकि यो विषयमा हालसम्म कुनै पनि अनुसन्धान नभएको खुलासा डा. त्रिलोकपति थापाको भनाइ चापागाईं आफैँले उद्धृत गरेका छन् । डा. थापा भन्छन्, "प्राज्ञिक चिकित्सक नेपालमा नजन्मिएकाले प्राज्ञिक वातावरण भएन । फलतः अनुसन्धान हुन सकेन" (पृ. १२२) । उचाइ बढेको हो भने कति बढ्यो र घटेको हो भने कति घटेको हो एउटा जिम्मेवार पत्रकारले किटेर भन्न सक्नुपर्थ्यो । तर, यस्तो आशा राख्दा राख्दै लेख टुंगिन पुग्छ ।

त्यसै गरी, 'राजनीति' खण्ड भित्रको लेख 'अधबैंसेले बिरामी पारे देश' मा अधबैंसे उमेरका नेतालाई उनी यथास्थितिवादी, सम्झौतावादी तथा चुनौतीसँग डराएर भाग्ने कायरका रूपमा चित्रण गर्छन् । ती नेताका कारण हामी भड्खालोमा फस्न आइपुगेको उनको तर्क ठीक हो । भारतको उत्तरप्रदेशका युवानेता अखिलेष यादव मुख्यमन्त्री बनेर राज्यको बागडोर समाउन पाए जसरी नेपाली युवाको पोल्टामा नेतृत्वको जिम्मेवारी पुग्ने सपना त हामी नेपालीले नदेखे पनि हुन्छ होला । अहिलेको यस्तो बिग्रँदो समयमा यदि राज्यको बागडोर युवाको हातमा हुन्थ्यो भने पक्कै पनि समस्या गहिरिएर जाँदैनथ्यो । अनि, अहिलेको जस्तो राजनीतिको अप्ठ्यारो गौँडोमा देश आइपुग्ने पनि थिएन होला । समकालीन राजनीतिक वृत्तमा युवा सवालले पर्याप्त स्थान पाइरहेको छ । यस्तो परिप्रेक्ष्यमा उनले उठाएको विषयवस्तुले थप महत्त्व राख्न पनि सक्छ । उनका अनुसार, अधबैंसेले देश बर्बाद त पारे तर कसरी र किन भन्ने कुराको विश्लेषणतर्फ भने उनको चाख देखिँदैन । संविधान सभालगायत राज्यका अन्य निकाय र क्षेत्रमा कति प्रतिशत व्यक्ति कति उमेर समूहका छन् भन्ने तथ्यांकमा जोड दिइए पनि उनले आफ्ना तर्क र विचार पस्किन सकेका छैनन् । वि.सं. २०४६ पछिका निर्वाचित जनप्रतिनिधिको औसत उमेर कति थियो, विघटित व्यवस्थापिका-संसदमा युवाको प्रतिनिधित्व कस्तो थियो, पत्रकारको छाता संगठन नेपाल पत्रकार महासंघमा युवाको औसत उमेर कति छ, नेपाल बार एसोसियसनमा युवाको प्रतिशत कति छ, आदिबारे उनले प्रशस्त तथ्यांक भने पस्केका छन् । तथ्यांकसँगै राजनितिक-सामाजिक जीवन र युवा राजनीतिका विविध अन्तर्राष्ट्रिय आयामसँग जोडेर विश्लेषण गर्न सकिन्थ्यो होला । तर तथ्यांकको भारीले थिचिदिएको छ लेखलाई; उठाएको अब्बल विषयवस्तुलाई वैचारिक माटोमा झांगिनबाट रोकेको छ ।

'पोस्टमार्टम नगरी राजपरिवारका सदस्यको शव जलाउन आदेश दिनेहरू सन्देहको घेरामा' शीर्षकको लेखमा पूर्व राजपरिवारका सदस्यको पोस्टमार्टम नै नगरी अन्येष्टि गरिएको कार्यप्रति लेखक विमति राख्छन् । त्यस्तो कार्य गैरकानुनी भएको जिकिर पनि गर्छन् लेखक । तथापि पोस्टमार्टम किन गरिएन, गर्न किन दिइएन र पोस्टमार्टम गर्न नदिने को थिए भन्नेबारे भने उनी मौन छन् । कानुनी दृष्टिकोणले पनि गम्भीर त्यस्तो गल्तीका विभिन्न आयाम केलाउन सकिन्थ्यो होला । पोस्टमार्टम नहुँदा यसले अनुसन्धानमा के-कस्तो असर पार्नसक्छ भन्ने सवालका थप अन्तर्वस्तु खोतल्न पनि सकिन्थ्यो होला । तर लेखक त्यतापट्टि उति सजग देखिँदैनन् । यसखाले राष्ट्रिय सरोकारको मुद्दाको अनुसन्धानमा सरकारले आफ्ना बहिरा कान थापिरहेको परिप्रेक्ष्यमा पत्रकार जमातको भूमिका प्रभावकारी हुन आउँछ । छिमेकी मुलुकमा जस्तो हाम्रोमा खोजमूलक तथा अनुसन्धानात्मक पत्रकारिता फस्टाउन नसकिरहेको तर्फ चापागाईंजस्ता शिक्षित पत्रकारले ध्यान दिनु पर्ने हो ।

'किताब किन पाइएन ?' शीर्षकको लेख चाहिँ वैचारिक हिसावले तुलनात्मक रूपमा बलियो छ । साँच्चै नेपालमा विद्यालय तहका किताब सहजै र बेलैमा किन पाइँदैनन् त ? आम अविभावकलाई पिरोल्ने एउटा उत्तरविनाको प्रश्न पनि हो यो । देशको बिग्रँदो राजनीति त छँदैछ अर्कोतर्फ, वनमारा झारले वन सखाप पारेझैँ शिक्षा क्षेत्रमा किताब-राजनीतिले नराम्रोसँग जरा गाड्दा लाखौँ विद्यार्थीको शैक्षिक भविष्य पनि सखाप हुँदैछ । देशभरका विद्यालयमा नयाँ शैक्षिक सत्रको कक्षा सञ्चालन भएर आधाआधितिर पुग्दासम्म पनि विद्यार्थीहरू किताब पाउनबाट वञ्चित हुन परिरहेको कहालीलाग्दो परिस्थितिमा चापागाईंको यो लेख सान्दर्भिक लाग्छ । किनभने यस लेखले बर्षेनी मौलाउँदै गइरहेको किताब-राजनीति जस्तो टड्कारो समस्याको जरो खोतल्ने प्रयत्न गरेको छ ।

"किताबको अभावले क्लास नै खाली होला भन्ने चिन्ता उत्पन्न भइसकेको छ" (पृ. ४८) । लेखकले लेखमा उद्धृत गरेको साझा प्रकाशनका व्यापार प्रवर्द्धन विभागका तत्कालीन प्रबन्धक रामकृष्ण भण्डारीको भनाइले शैक्षिक क्षेत्रमा असंवेदनशिलताको पराकाष्ठा पर्दाफास हुन्छ । तर कतिञ्जेल यस्ता समस्यालाई झेलेर बसिरहने ? जरैबाट उखेलेर फाल्न के गरिनुपर्छ ? कसरी यस्तो समस्याको दिगो निराकरण गर्न सकिन्छ त ? किताब अभावका मूल समस्या के हुन् ? शैक्षिक सत्र सुरु हुने बेला हुने राजनीतिक अन्योल, छिनाझप्टी, छपाइमा ढिलाइ, सम्बन्धित निकायको गैरजिम्मेवारीपन आदि मात्रै पर्याप्त कारण हुन् त ? के तिनको सम्बोधन हुने बित्तिकै किताब अभावको समस्या सधैंका लागि सल्टिहाल्छ

भन्ने सवाल महत्त्वपूर्ण हो । नेपालमा किताबको अभाव खड्काउने समस्याসँग कसरी जुध्ने भन्ने तर्फभने लेखक एक शब्द पनि बोल्दैनन् ।

त्यस्तै, 'सञ्चार' खण्डमा 'रेडियो नेपाल : दिन खाएको जुँगा नआएको' र 'कार्यक्रम घटना र विचारलाई खोतल्दा' शीर्षकका दुई लेख समावेश छन् । ती दुवै परिवर्तित परिस्थितिमा आम श्रोताको अपेक्षाअनुरूप रेडियो नेपालले आफूलाई रूपान्तरण गर्न नसकेको तथ्य वरिपरि केन्द्रित छन् । रेडियो केबल एउटा 'भर्ती केन्द्र' बनेको उनको तर्क उल्लेख्य छ । रेडियो नेपाल शासक वर्ग र राजनीतिक शक्तिकेन्द्रले आफ्ना आसेपासेलाई जागिर खुवाउने थलो बनेको जगजाहेरै छ । अदक्ष मान्छेलाई रेडियोमा भर्ती गरेर राज्यलाई अनावश्यक आर्थिक भार थोपरिएको त छ नै, जनताको सुसूचित हुन पाउने अधिकारलाई पनि नजरअन्दाज गरिएको छ । राजनीतिक सत्ता परिवर्तनसँगै रेडियोको आन्तरिक संयन्त्र र कार्यक्रम सम्प्रेषणको ढाँचा अनि आग्रह र पूर्वाग्रहजन्य हर्कतको चिरफार गर्ने प्रयत्न गरेका छन् लेखकले । यहाँनेर, रेडियो नेपालको भूमिका शासकवर्गको प्रवक्ताबाहेक दोस्रो केही हुन नसकिरहेको परिप्रेक्ष्य उप्काउँदै लेखक रेडियोको स्वायत्तता र स्पष्ट नीतिप्रति जोड दिन्छन् । रेडियोमै जागिर खाएका लेखकले त्यहाँभित्रको चाकरीतन्त्र र चाप्लुसीवाद नजिकबाट बुझेका होलान् । त्यस्ता पेचिला मुद्दामा हक्की भएर बोल्नु पर्थ्यो, तर खुट्टा कमाएका छन् उनले ।

'विविध' खण्डअन्तर्गत अंग्रेजी भाषाको एउटा लेख पनि समावेश छ, भारतको गोरे गावँमा 'नेपाल सोसल फोरम'का तर्फबाट उनी सहभागी हुँदा ताकाको । यसले किताबको मोटाइ बढाउनेबाहेक केही काम गर्दैन । त्यस्तै, 'हजुर लिनी हो र अलिकति ?' २०५४ सालतिर रिपोर्टिङका क्रममा उनी अर्घाखाँची सदरमुकाम सन्धिखर्क गएको बेलाको संस्मरण हो । रक्सी नखानेलाई पैसा तिर्दा पनि खाजा खान धौ–धौ परेको अवस्थाको चित्रात्मक वर्णन समेटिएको यो आलेख केही चाखलाग्दो छ । यस्तो परिस्थिति झेल्नु पर्ने अवस्था हाम्रा कतिपय समाजमा अद्यापि छन्; ती मज्जाले जरो गाडेर बसेका छन् । खाजा मात्रै होइन, रक्सी नखानेलाई त खानेपानी पाउन पनि सकस हुन्छ । सन्धिखर्कमा जस्तै अन्य क्षेत्रमा पनि स्थानीय राजनीतिक कार्यकर्तालाई त्यस्ता खरा समस्याप्रति कुनै चासो भएको पाइँदैन ।

अस्ट्रेलियाको ब्रिसबनस्थित 'द युनिभर्सिटी अफ क्विन्सल्याण्ड'मा आफू पत्रकारिताको विद्यार्थी हुँदाताका उनले गरेको कपास गोड्ने कामबारे लेखेका छन्, 'धनी देशमा खेताला हुँदा' शीर्षक दिएर । विदेशमा बस्ने वा बसेर आफ्नो देश फर्केका नेपालीको बडप्पनबारे चर्चा गर्छन् उनी । सँगै, त्यहाँका मान्छे देशको

कानुनप्रति कतिधेरै सचेत रहेछन् त भन्नेबारे पनि थाहा हुन्छ नेपाली पाठकलाई । कपास खेत जाँदै गर्दा बाटोमा उनी चढेको बसले हानेर मारेको कंगारुलाई लेखकले नेपालमै जस्तो शिकार सम्भिन्छन् र साथै लैजाने इरादा जाहेर गर्छन् । तर त्यहाँका सचेत नागरिकको कानुनसम्मत व्यवहारले उनी हच्किन्छन् । अस्ट्रेलियाको मोरी भन्ने ठाउँको कपास खेतसँग जोडिएका अन्य थुप्रै कपास खेतालाका कथा पनि रुचिकर नै लाग्न सक्छन् । आफ्नो निद्रा बिथोलेर पेटको भोकलाई पेटमै दबाएर झन्डै ४५ डिग्री सेन्टिग्रेडको धुपमा ज्यान फालेर काम गर्दाको उनको अनुभव वर्णनले अधिकांश नेपालीको कामलाई हेलाँ गर्ने बानीउपर व्यंग्य गर्नसक्छ । तर, विदेशी माटोमा नेपालीले भोग्ने दुःख लेखकले खुलेरै वर्णन गर्न भने सकेका छैनन्, अलि टापटिपे पाराको छ ।

'अष्ट्रेलियामा नेपालीहरू' नामक अर्को लेखमार्फत विभिन्न परिस्थितिवश त्यहाँ पुगेका नेपालीले भोग्नु परेको पीडा तथा विदेशी माटोमा झेल्नु परेको समस्यालाई केलाउने लेखकले प्रयत्न गरेका छन् । आप्रवासीको देशप्रतिको माया तथा विदेश बस्दाबस्दै उनीहरूको मनमा जन्मिएको 'फ्रस्ट्रेसन'बारे गहिराइमै पुगेर व्याख्या गर्न पनि सकिन्थ्यो होला । सुनौलो बाटोमा आफ्नो भविष्यलाई हिँडाउन भनेर देशको सिमाना काटेर जानेहरूको मनमा आफ्नो देश, घरपरिवार तथा संगीप्रतिको धारणा कसरी परिवर्तन हुँदै जाँदोरहेछ ? कलेज पढ्नेहरू पैसा कमाउँछन् कि कमाउँदैनन् ? कमाउँछन् भने कमाएको पैसा स्वदेश पठाउँछन् कि उतै उडाउँछन् ? उनीहरूमा ज्ञान, सीप तथा क्षमताको विकास कसरी भइरहेको छ वा छैन ? पढ्न गएका विद्यार्थी पढाइमा कत्तिको चनाखो छन् र उनीहरू आफ्नो करिअरप्रति कत्तिको सचेत छन् भन्ने सवाल वरिपरि घुम्ने यो लेख तुलनात्मक रूपमा पढ्नलायक नै मान्न सकिन्छ । किताबमा समेटिएका २१ लेखमध्ये आधा दर्जनजति लेख मात्रै वैचारिक दृष्टिकोणले बलिया होलान्; बाँकी फितला लाग्छन् ।

नागरिक समाज वा नागरिकका हरेक जायज मुद्दाको चिरफार गर्ने/गराउने र विचार जन्माउने भनेको वौद्धिक जमातमाझ हुने बहस तथा विचारको मन्थनले हो । त्यस्तो वैचारिक मन्थनका निम्ति निरन्तर हुटहुटी जगाउने भनेको लेखक/पत्रकारको कलमले हो, न कि राजनीतिक नेताको भाषणले । नयाँ विचार जन्माउने मलिलो फाँट निर्माणका निम्ति विचारमा विश्वास गर्नेहरू एकजुट हुनुपर्ने एउटा वाध्यात्मक परिस्थिति हाम्रा अगाडि ठिंग उभिइरहेको छ । यस्तो अवस्थामा पत्रकार प्रज्ज्वलराज चापागाईंको लेखन नयाँ विचार जन्माउने मलिलो फाँट निर्माण गर्नेतर्फ जति ढल्किनु पर्ने हो त्यति ढल्किएको देखिँदैन । समग्र पत्रकारिताको दृष्टिले हेर्दा यो किताबले नेपाल र आम नेपालीले भोगेका विविध मुद्दालाई

अभिलेखीकरण गर्नेसम्मको काम त गर्छ तर ती समस्याका असर र निराकरणका सवालबारे भने मौन छ; कुनै प्रभावकारी समाधानको गतिलो बाटो सुझाउँदैन ।

**सुरेश प्राञ्जली**
समाज-विज्ञान अनुसन्धाता/स्वतन्त्र लेखक
चाबहिल, काठमाडौँ ।